स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "खेल"को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका प्रमुख कलाकारहरु सुरक्षा पन्त, मोनिका थापा, हेना नगरकोटी, निकिता आचार्य, समापिका गौतम, मिथिला शर्मा, सरिता गिरी र भोलाराज सापकोटालाई समेटिएको पोस्टरमा सबैलाई गम्भीर भावमा देख्न सकिन्छ ।

आजको विचार...



नूरहरि खतिवडा

संघीयता...
(दुई पेजमा)



नेपालमा फिल्मले "एडल्ट" सर्टिफिकेट पाउनु व्यापारिक दृष्टिकोणले जोखिमपूर्ण मानिन्छ । १६ वर्षमुनिकाले हेर्नै नपाउने भएकाले त्यसको असर व्यापारमा पुग्ने गरेको छ । यसैले मेकरहरु बरु दृश्य काट्न तयार हुन्छन् तर "एडल्ट" सर्टिफिकेट लिन चाहँदैनन् । यही चैत ८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म "११:५५"का निर्माताले भने दृश्य काँटछाँट नगरी "एडल्ट" सर्टिफिकेट लिएका छन् ।

❒ वर्ष ३० ❒ अंक २३३ ❒ २०८१ चैत ६ गते बुधबार 19 March 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा २ सय २० जनाको मृत्यु

(रासस/एएफपी)

प्यालेस्टिनी क्षेत्रहरू, चैत ५/ इजरायलले जनवरीको युद्धविरामपछि मंगलबार गाजा पट्टीमा आफ्नो सबैभन्दा तीव्र आक्रमण गरेको छ ।

उद्धारकर्ताहरूले दुई सय २० जनाको मृत्यु भएको जानकारी दिएका छन् । हमासले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्धविराम विस्तार गर्ने गतिरोधपछि 'युद्ध पुन: सुरु गर्ने' निर्णय गरेको आरोप लगाएको छ । इजरायलले आक्रमणको लहर सुरु गर्नुअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग परामर्श गरेको ह्वाइट हाउसले पुष्टि गरेको छ । आक्रमणमा अधिकांश महिला, बालबालिका र वृद्धहरूको मृत्यु भएको उद्धारकर्ताहरूले बताएका छन् ।

"हमासले हाम्रा बन्धकहरू रिहा गर्न बारम्बार अस्वीकार गरेपछि, साथै अमेरिकी राष्ट्रपति दूत स्टिभ विटकफ र मध्यस्थकर्ताहरूबाट प्राप्त सबै प्रस्तावहरू अस्वीकार अपरेसनको गरेपछि आदेश दिइएको थियो", नेतन्याहुको कार्यालयले विज्ञप्तिमा भनेको, "इजरायलले अब उप्रान्त बढ्दो सैन्य शक्तिका साथ हमासविरुद्ध कारबाही गर्नेछ ।" एक इजरायली अधिकारीले सैन्य अभियान 'जति आवश्यक छ त्यति लामो समयसम्म जारी रहने' र 'हवाई आक्रमणभन्दा बाहिर विस्तार हुने' अपेक्षा गरिएको बताए ।

# स्ववियु निर्वाचन : तानसेनमा १६ बर्ष पछिको उत्साह

## पाल्पाका दुई क्याम्पसमा ६९ प्रतिशत मत खस्यो

रामचन्द्र रायमाझी

**पाल्पा,** चैत ५/ देशकै जेठो क्याम्पस त्रिभुवन बहुमुखी क्याम्पस तानसेनमा १६ वर्षपछि स्वतन्त्र विद्यार्थी युनियन ( स्ववियु)को निर्वाचन भएको छ । प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि भने नियमित रुपमा हुनसकेको थिएन । २०७९ सालमा स्ववियुको निर्वाचन भए पनि यहाँ सबै विद्यार्थी सङ्गठनबिच सर्वसम्मत नेतृत्व चयन भएको थियो । तर यस पटक भने निर्वाचनकै माध्यमबाट नेतृत्व चयन हुँदैछ । जसका कारण पनि मतदानमा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रह्यो । मतदानका लागि बिहानैदेखि विद्यार्थी लाइनवद्ध भएर मतदानमा उत्साहका साथ सहभागी भएका थिए । लामो समयपछि आफैले मतदान गरेर विद्यार्थी नेतृत्व चुन्न पाउँदा खुसी लागेको मतदान गरेर घर फर्कर्दै गरेकी त्रिभुवन बहुमुखी क्याम्पस अध्ययनरत नारायणी गाहाले बताइन् । उनले भनिन् '२०७९ को चुनावमा सर्वसम्मत नेतृत्व चयन भएकाले मतदान गर्न पाइएन, यस पटक भने आफ्नो मताधिकार प्रयोग गरियो ।' विवेक आचार्य पनि यस पटक मतदान गर्न पाउँदा उत्साहित थिए । उनले भने' लोकतान्त्रिक व्यवस्थामा निर्वाचनबाट नेतृत्व चुन्न पाउँदा आफैलाई गर्व लाग्दो रहेछ ।' उनीहरु



जस्तै धेरै विद्यार्थीहरु उत्साहजनक रुपमा मतदानस्थलमा पुगेर भोट खसालेका छन् ।

**दुई क्याम्पसमा ६९ प्रतिशत मत खस्यो**

अन्तिम मत परिणाम अनुसार यहाँका दुई वटा क्याम्पसमा ६९ प्रतिशत मत खसेको छ । कूल २ हजार ६ सय ७ मतदाता विद्यार्थी रहेकोमा एक हजार ७ सय ९९ मत खसेको हो । यहाँ त्रिभुवन बहुमुखी क्याम्पसमा ६४ दशमलव ८३ प्रतिशत मत खसेको छ । एक हजार ८ सय ९४ जना मतदाता विद्यार्थी रहेकोमा एक हजार २ सय २८ मत खसेको निर्वाचन अधिकृत जीवनबहादुर थापाले बताए । यहाँ १९ पदका लागि निर्वाचन भएको हो । १० पदमा प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन हुनेछ । यस्तै ९ पदमा भने समानुपातिक मतबाट नेतृत्व चयन हुनेछ । प्रत्यक्षतर्फ अध्यक्ष, सचिव, कोषाध्यक्षसहित १० पदमा नेतृत्व निर्वाचित हुने छन् । यस्तै समानुपातिक उम्मेदवारका लागि सङ्गठनलाई मत दिनुपर्ने प्रावधान रहेको छ । सङ्गठनले पाएको मतको आधारमा स्ववियुमा प्रतिनिधित्व हुने छ । यस्तै रामपुरस्थित सहिद बहुमुखी क्याम्पसमा ८० दशमलव ०८ प्रतिशत मतदान खसेको छ । ७ सय १३ जना मतदाता विद्यार्थी रहेकोमा ५ सय ७१ मत खसेको स्थानीय पत्रकार प्रकाश ज्ञवालीले जानकारी दिए । यहाँ प्रत्यक्षतर्फ नेपाल नेविसै, अनेरास्ववयिु र अनेरास्वववियु क्रान्तिकारीको संयुक्त प्यानल चुनावी प्रतिस्पर्धामा छन् । १५ जना स्ववियु पदाधिकारी मध्ये ८ पद प्रत्यक्षबाट र ७ पद समानुपातिकबाट निर्वाचित हुने छन् ।

**तीन क्याम्पसमा निर्विरोध**

पाल्पाका पाँच क्याम्पस मध्ये तीन वटा क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको नेतृत्व निर्विरोध निर्वाचित भएको छ । जसमा माडव्य क्याम्पसमा अध्यक्ष सौगात कोइराला, दर्छा क्याम्पस रामपुरको अध्यक्षमा अनिशा कोइराला र उदबुद्ध कलेज पूर्वखोलाको अध्यक्षमा कृष्णा झ्यापुर्लुकको नेतृत्व निर्विरोध भएको हो । यी तीनै क्याम्पसको नेतृत्वमा एमाले निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु आएको छ ।

# देशभर स्ववियु निर्वाचनमा ६५ प्रतिशत मतदान




**पाल्पा, चैत ५/** राजनीतिको नर्सरी मानिने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन मंगलबार देशभरिका अधिकांश क्याम्पसमा भएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका ३८ आंगिकसहित करिब ३ सय सम्बन्धनप्राप्त क्याम्पसमा मंगलबार स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन भएको हो ।

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका अनुसार ६५ प्रतिशत विद्यार्थी मतदानमा सहभागी भएको प्रारम्भिक अनुमान छ । १८ आंगिक क्याम्पसमा भने निर्वाचन हुन सकेका छैनन् । यी क्याम्पसमा तत्काल निर्वाचन गर्न त्रिविले निर्देशन दिएको छ ।

केही क्याम्पसहरुमा विद्यार्थी संगठनहरूकै तालाबन्दी र अवरोधले विद्यार्थीको साझा प्रतिनिधि चुन्ने निर्वाचन प्रक्रिया अवरुद्ध हुन पुगेको हो । प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि भने नियमित रुपमा हुनसकेको थिएन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन त्यसपछि २०७३ चैत १५ गते भएको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

# दाङमा मकै उत्पादन बढ्यो, किसान खेतीमा आकर्षित

**तुलसीपुर (दाङ), चैत ५/** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (मकै सुपरजोन) अन्तर्गत दाङको देउखुरी क्षेत्रमा तीन बाली मकैखेती हुने गरेको छ । बर्सेनि तीन हजार आठ सय हेक्टर क्षेत्रमा हिउँदे, वसन्ते र बर्खे मकैखेती हुने गरेको छ । तीमध्ये वसन्ते मकैखेती गर्ने किसान बढी छन् ।

परियोजनाका सूचना अधिकारी चन्द्रशोभा कँडेलका अनुसार तीन बाली लगाउँदा ३२ हजार मेट्रिक टन बढी उत्पादन हुने गरेको छ । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्र ३२ हजार आठ सय ९४ मेट्रिक टन मकै उत्पादन भएको थियो । बर्सेनि उत्पादन बढिरहेको उनको भनाइ छ । आर्थिक वर्ष २०७९/८० मा २६ हजार चार सय ५५ मेट्रिक टन मकै उत्पादन भएको थियो । देउखुरी क्षेत्रमा रामपुर हाइब्रिड-१० जातको मकै लगाउने गरिएको छ । सूचना अधिकारी कँडेलका अनुसार बर्सेनि उत्पादन क्षेत्रफल पनि बढिरहेको छ । आव २०७९/८० मा तीन हजार सात सय



हेक्टरमा मकैखेती गरिएकामा आव २०८०/८१ मा तीन हजार आठ सय हेक्टरमा मकैखेती हुने गरेको हो । यसरी बर्सेनि खेती गर्ने किसानको आकर्षण बढिरहेको उनले बताए । कार्यालयले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउने गरेको छ । रामपुर हाइब्रिड-१० सहित अरुण-२ र रामपुर कम्पोजिट जातको मकैको बीउ पनि अनुदानमा दिने गरिएकाले उक्त मकैखेती गर्ने गरिएको छ । यसरी किसानले उत्पादन गरेको मकै पसल तथा दाना उद्योगमा बिक्री हुने गरेको छभने बीउ कम्पनीले बीउ खरिद गरिदिने भएकाले बजारीकरणका लागि पनि समस्या नरहेको सूचना अधिकारी कँडेलको भनाइ छ । मकैखेतीका लागि विभिन्न प्रविधिको प्रयोग गर्ने गरिएको छ । भौगोलिक बनावटअनुसार रोप्नका लागि सिडड्रिल, ज्याव प्लान्टर तथा केही स्थानमा ट्र्याक्टरले समेत मकै छरेर पछि रोटाभेटर लगाउने गरेका छन् । विगतमा बाँझो राखिएको जग्गामा अहिले मकैखेती गर्ने गरिएको छ । जसले गर्दा किसानलाई आम्दानीको स्रोत बढिरहेको सूचना अधिकारी कँडेलले बताए । दाङको लमही नगरपालिका, गढवा, राप्ती र राजपुर गाउँपालिकामा यसरी मकैखेती हुने गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पूर्वविशिष्टलाई सुविधा दिने चर्चा

**केही दिन यता पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिने विषयले चर्चा पाएको छ । सरकारले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिने कानुन ल्याउन लागेको भन्दै सर्वत्र चर्च र आलोचना हुने गरेको छ । तर सरकारका मन्त्रीहरुले भने त्यसको बचाउ गर्दै आएका छन् । मन्त्रीहरुले सार्वजनिक कार्यक्रममै अघिल्ला सरकारले ल्याएको कुरा अहिले आएर सरकारले कानुन बनाउन लागेको भन्नु हल्ला मात्रै भएको भन्दै सरकारको बचाउ गरेका छन् । सरकारले भने पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, पूर्वसभामुख र राष्ट्रिय सभाका पूर्वअध्यक्षलाई आजीवन मासिक भत्ता, घर भाडा/घर मर्मत खर्च, सवारीसाधन, सचिवालयमा कर्मचारी र सहयोगी राख्नेसहितका आजीवन सुविधा दिने गरी कानुनको मस्यौदा बनाउन लागेका समाचारहरु बाहिर आइरहेका छन् । तर पूर्वविशिष्टहरूले सरकारको यस्तो तयारीका विरुद्धमा कुनै आवाज उठाएको सुनिएको छैन ।**

**पूर्वविशिष्टहरूको पदमा रहँदाको सेवासुविधाको बचतले नै जीवन निर्वाह गर्न नपुग्ने होइन । सुविधा पाएको वर्गका लागि सुविधा बढाउँदै लाने र गरिबीको जाँतोमा पिल्सिरहेका जनताका बारेमा केही नसोच्ने सरकार जनताको सरकार हुनसक्दैन । पदमा रहेको भन्दा पदबाट अवकाश लिएका व्यक्तिको संख्या बढी हुने अवस्था आउन लागेकै कारणले सरकारले कर्मचारीको निवृत्तिभरणको व्यवस्थामा समेत परिवर्तन गरेको छ भने राजनीति गरेर उपल्लो पदमा पुगेर पूर्वभइसकेकाका लागि यस्तो सुविधा दिनुलाई उपयुक्त हो भनेर नेपाली जनताले भन्ने छैनन् भन्नेतर्फ सरकारले सोच्नुपर्ने हुन्छ ।**

**पूर्वविशिष्टहरूले यस्ता सुविधाको माग गरेको र आस गरेर बसेको हो भने पनि त्यो सुहाउने कुरा होइन । ठूला-ठूला राष्ट्रहरुमा राष्ट्रपति तथा मन्त्रीहरू पदबाट हट्नासाथ काम खोजेर हिंड्ने गरेको पाइन्छ । तर हाम्रो जस्तो गरिब देशका पूर्वविशिष्टहरु भने सरकारबाट सेवाको आशा राख्नु कदापी राम्रो हुन सक्दैन । तसर्थ सरकारले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिने कुरामा गम्भीर भएर सोच्न जरुरी छ ।**

### Opinion @ Social Network

दुखभन्दा ठूलो शिक्षक अरू केही हुँदैन, तर यसले सिकाएको पाठ कहिल्यै बिर्सनु हुँदैन।
*(अनिता थापाको फेसबुक स्टाटस https://www.facebook.com/Thapa.Anita456)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीयता कार्यान्वयन र निजामती सेवा ऐन



**नूरहरि खतिवडा**

> ***सरकारका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरी संघीयताको लाभ पछाडि पारिएका वर्ग वा समुदायमा पुऱ्याउने कार्यमा निजामती सेवाको अहम् भूमिका रहन्छ तर निजामती सेवामा गरिनुपर्ने समयानुकूल सुधारका कार्य हुन नसकेको कारणले तीनै तहका सरकारी संयन्त्रहरू प्रभावकारी बन्न नसकेको भनी विज्ञहरूबाट संघीयतामा निजामती सेवा अझ बढी जनमुखी, सिर्जनशील, प्रविधिमैत्री, परिणामदायक र इमानदार हुनुपर्ने कुरामा जोड दिइएको छ ।***

नेपालमा लामो समयदेखि चलिआएको एकात्मक शासन पद्धतिलाई विदा गरेर नयाँ संविधान जारी भएको ९ वर्ष पूरा भएको छ । नेपाली जनताले राखेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा तीन तहका सरकारहरू मार्फत पूरा गर्ने उद्देश्यसहित जारी भएको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई मुलुकको शासन प्रणालीको मूलआधार मानेको छ । संविधान जारी भएपछि संघीयता कार्यान्वयनका थुप्रै पहल र प्रयासहरू भए तापनि परिवर्तित राजनीतिक पद्धतिको उपलब्धि जनतामा पुऱ्याउने कार्यमा अपेक्षित सफलता हाँसिल हुन नसकेको गुनासो बढ्न थालेको छ ।

सरकारका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरी संघीयताको लाभ पछाडि पारिएका वर्ग वा समुदायमा पुऱ्याउने कार्यमा निजामती सेवाको अहम् भूमिका रहन्छ तर निजामती सेवामा गरिनुपर्ने समयानुकूल सुधारका कार्य हुन नसकेको कारणले तीनै तहका सरकारी संयन्त्रहरू प्रभावकारी बन्न नसकेको भनी विज्ञहरूबाट संघीयतामा निजामती सेवा अझ बढी जनमुखी, सिर्जनशील, प्रविधिमैत्री, परिणामदायक र इमानदार हुनुपर्ने कुरामा जोड दिइएको छ ।

सरकारले मूलतः ३ वटा काम गर्दछ : (१) शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्ने, (२) सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरू सञ्चालन गर्ने, र (३) बाफय मुलुक वा अन्तर्राष्ट्रिय संघसंस्थासँगको कूटनीतिक सम्बन्ध र व्यवहार व्यवस्थित तुल्याउने । सरकारका क्रियाकलापहरू देश र जनताको हितअनुरूप उपलब्धिमूलक बनाउने र मुलुकको समग्र लक्ष्य वा उद्देश्य हाँसिल गर्ने कार्य निजामती कर्मचारीको सक्षमता, प्रतिबद्धता, सक्रियता र निरन्तर प्रयत्नबाट मात्रै सम्भव हुन सक्दछ । नेपालमा सरकारका जिम्मेवारीहरू संविधानतः तीन तहमा बाँडफाँट गरिएको छ । संविधानमा स्पष्ट हुन नसकेका कतिपय विषयहरू कार्यविस्तृतीकरण प्रतिवेदनबाट स्पष्ट तुल्याइएको छ । जसअनुसार शान्ति सुरक्षाको प्रबन्ध गर्ने जिम्मेवारी केन्द्र र प्रदेश सरकारको कार्यक्षेत्रमा राखिएको छ । सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माणका कार्यहरू संघ, प्रदेश तथा स्थानीय तहको साझा जिम्मेवारीमा राखिएको छ भने बाफय मुलुकहरूसँग कूटनीतिक सम्बन्ध तथा व्यवहार व्यवस्थित तुल्याउने कार्य संघको जिम्मेवारीमा रहेको छ ।

सरकारका कुनै पनि तहबाट सम्पादन गरिने कुनै पनि क्रियाकलापको कार्यान्वयनमा निजामती सेवाको मुख्य भूमिका र जिम्मेवारी रहन्छ । नेपालको संविधान र कानुनबमोजिम तीनै तहका सरकारहरूबाट प्रतिपादन हुने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न र सरकारको जिम्मेवारीका कार्य फर्स्योट गर्न तहगत अलग प्रशासनिक संयन्त्रको व्यवस्था गरिएको छ : संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा । संघीयतालाई सफल तुल्याउँदै कार्य प्रभावकारिता अभिवृद्धि गर्न सरकाहरूबीच समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित सहकारितामूलक सम्बन्ध रहने परिकल्पना गरिएको छ । संघीयताको लाभ सहज रूपमा समाजको तल्लो वर्ग र पछाडि परेको समुदायमा पुऱ्याउन तीनै तहका प्रशासनिक संयन्त्रहरूका बीचमा उचित तालमेल र समन्वय हुनुपर्दछ । यस्तो तालमेल मिलाउन संघीय निजामती सेवा ऐनले सबै सरकारी संयन्त्रहरूको मार्गदर्शकको रूपमा भूमिका निर्वाह गर्नुपर्छ तर विडम्बना के छ भने संघीय शासन प्रणाली अंगिकार गरी संविधान जारी भएको ९ वर्ष व्यतित भइसक्दासमेत प्रशासनिक संघीयतालाई व्यवस्थित तुल्याउने संघीय निजामती सेवा ऐन जारी हुन सकेन ।

जनता र सरकारबीचको सम्बन्ध सुदृढ तुल्याउने प्रमुख जिम्मेवारी निजामती सेवाको हो । तर, परिवर्तित राजनीतिक प्रणालीको अपेक्षा र संघीयताको मर्मअनुरूप तीन तहका प्रशासनिक संयन्त्रका बीचमा आवश्यक समन्वय र उचित तालमेलको निमित्त ठोस प्रयास हुन सकेको छैन । यसका लागि प्रशासनिक संयन्त्र स्वयंको कमजोरी जति जिम्मेवार छ सोभन्दा बढी जिम्मेवारी प्रशासनिक संयन्त्रको परिचाल नगर्ने राजनीतिक नेतृत्वले लिनुपर्छ । प्रशासन संयन्त्रलाई रूपान्तरण गरी उपयुक्त कार्य वातावरण तयार गर्नुपर्ने दायित्व निर्वाहमा राजनीतिक संयन्त्र प्राथमिकतापूर्वक अग्रसर नभएको कारण आजको अवस्था उत्पन्न भएको हो । लामो समयसम्म कर्मचारीतन्त्र तदर्थवादमा सञ्चाल नगरिनु सुशासनको अनिवार्य शर्त मानिने प्रशासनिक प्रभावकारिताको दृष्टिकोणबाट उचित मान्न सकिँदैन । संघीय शासन प्रणाली अंगिकार गरी नयाँ संविधान जारी भएपछि तत्काल संघीय निजामती सेवा ऐन तर्जुमानगरी प्रशासनिक संघीयताको मर्म र सरोकारवालाको अपेक्षाविपरीत समायोजन ऐन कार्यान्वयनमा जोड दिइनुको परिणाम आज मुलुक र स्वयं प्रशासन संयन्त्रले व्यहोर्नुपरेको छ । समायोजन ऐनले विगतको प्रशासनिक संरचनागत प्रकार्यवादलाई क्षतविक्षत तुल्यायो तर नयाँ प्रशासनिक ढाँचा वा कार्यप्रणालीको खाका दिन सकेन । परिणामस्वरूप विगतमा राम्रो मानक खडा गरेका महिलाविकास, कृषि तथा पशु विकास, जन स्वास्थ्य सेवा लगायतका उदाहरणीय कार्यप्रणाली भताभुंग भए तर यी क्षेत्रमा नयाँ र प्रभावकारी कार्यक्रम लागू गर्ने प्रयत्न हुन सकेन । हालको प्रशासनिक संयन्त्रले परिवर्तित राजनीतिक परिवेश र जनताको आकांक्षाअनुरूप कार्यदक्षता र प्रभावकारिता देखाउन नसकेको हुँदा यसमा तत्काल सुधारको थालनी गर्नु जरुरी भएको छ । यसको निमित्त संघीयताको मर्म र भावनामुताविक संघीय निजामती सेवा ऐनको तर्जुमा र कार्यान्वयन पहिलो सर्त हुनुपर्छ । संघीय निजामती सेवा ऐन प्रदेश निजामती सेवा तथा स्थानीय सेवा समेतको मार्गदर्शक र छाता ऐन हो । यसको अभावमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानुनी व्यवस्थाहरू सार्थक परिणाम दिन नसक्ने विकलांगताको अवस्थामा पुगेका छन् । संघीयता कार्यान्वयनको लागि प्रदेश सरकार वा स्थानीय तहहरूबाट भएका प्रयाससमेत फिका देखिन थालेका छन् । सबै तहका प्रशासनिक संयन्त्रलाई अपेक्षित ढाँचामा कार्यात्मक बनाउन र यसमा आवश्यक सुधारका उपाय अवलम्बन गरी संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउन संघीय निजामती सेवा ऐन अति आवश्यक छ । संविधानले व्यवस्था गरेबमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीलाई तत् तत् तहमा निक्षेपण गर्ने र सो बमोजिम जिम्मेवारी तथा जवाफदेहिता बहन गर्न सक्षम प्रणालीको विकास गर्ने कार्यको लागिसमेत संघीय निजामती सेवा ऐनको तर्जुमा गर्नु जरुरी छ । यस ऐनको तर्जुमापछि मात्र प्रशासनिक संघीयताले मूर्तरूप लिनसक्ने देखिन्छ । आज नेपालका कुनै पनि तहका सरकारी निकायहरूबाट प्रदान गरिने सेवामा सामान्य नेपाली नागरिकको सहज पहुँच र उनीहरूले भरोसा गर्नसक्ने अवस्था छैन । अधिकांश सरकारी निकायले आफूलाई प्राप्त जिम्मेवारीको काम इमान्दारी र निष्ठाका साथ जनताको हितअनुकूल आफ्नो कर्तव्यको रूपमा सम्पादन गर्छन् भन्ने कुरामा आमनागरिक विश्वस्त हुन सकेको देखिँदैन । भ्रष्टाचार, अनियमितता, पक्षपात र स्वार्थ सरकारी पदाधिकारीका विशेषता हुन् भन्ने बुझाइ जनमानसमा व्यापक बनेको छ । सरकारी संयन्त्र र सरकारी पदाधिकारीहरूप्रति जनतामा यस प्रकारले नकारात्मक धारणा बढ्नु गम्भीर चिन्ताको विषय हो र यसमा तत्काल सुधारको आवश्यकता छ । कर्मचारीतन्त्र (ब्युरोक्रेसी) का अवगुणहरूको बारेमा संसारभर धेरै चर्चा गरिएको छ । यसको विकल्पको बारेमा समेत पर्याप्त बहसहरू भएका छन् तर भरपर्दो र टिकाउ विकल्प फेला पर्न सकेको छैन । कर्मचारीतन्त्रको उत्तम विकल्प समयानुकूल यसको सुधार र परिमार्जन हो ।

सरकारी सेवाका कर्मचारी संयन्त्रमा रहेका कमजोरी र अवगुणहरूलाई पन्छाउँदै समयानुकूल प्रभावकारी कर्मचारीतन्त्रको विकास गर्नेतर्फ पाइला चाल्नु संघीय गणतन्त्र नेपालका लागिसमेत उचित निकास हो । नेपालको कर्मचारीतन्त्रलाई नवीन राजनीतिक ढाँचा अनुकूल परिमार्जन गरी यसको क्षमता अभिवृद्धिका उपायहरू अवलम्बन गरेर संघीयताको कार्यान्वयन प्रभावकारी तुल्याउनु आवश्यक छ । कर्मचारीतन्त्रलाई बेवास्ता गर्ने वा यसमा आवश्यक सुधारका प्रयास नगर्ने कार्यले संघीयता मजबुत र प्रभावकारी हुन सक्दैन । प्रशासनिक संघीयता आजको प्रमुख आवश्यकता हो र यसको पहिलो खुट्किलोका रूपमा संघीय निजामती सेवा ऐनको तर्जुमा गरिनुपर्छ ।

निजामती सेवा सरकारको स्थायी अंग र राज्यका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख संयन्त्रसमेत भएकोले यसको सान्दर्भिकता र महत्व सर्वसाधारण नागरिकदेखि उपल्लो राजनीतिक संरचना समेतमा उत्तिकै हुने गर्दछ । लामो समयसम्म एकात्मक शासन पद्धतिमा अभ्यस्त नेपालको राजनीतिक प्रणालीलाई संघीय स्वरूपमा परिवर्तन गरिएको हुँदा सोही मुताविक प्रशासनिक संयन्त्रको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने भएकोले निजामती सेवाको औचित्य र महत्व अझ वृद्धि भएको छ । यसर्थ मुलुकको प्रशासन संयन्त्रमा संलग्न र अन्य सरोकारवाला बौद्धिक जमातले निजामती सेवाका प्रति जनमानसमा बढ्दै गएको नकारात्मक धारणामा परिवर्तन ल्याई जनता र सरकारको बीचमा पुलको काम गर्ने निजामती संयन्त्रलाई विश्वसनीय बनाउनेतर्फ उचित ध्यान दिनु जरुरी छ । हाल संघीय निजामती सेवाविधेयक छलफलको लागि प्रतिनिधि सभाको राज्यव्यवस्था समितिमा पेश भएको हुँदा यो विधेयकको बारेमा अझव्यापक र बौद्धिक बहस गरिनु आवश्यक छ । संविधान जारी हुनासाथ तर्जुमा गरिनुपर्ने ऐन लामो समयसम्म प्राथमिकतामा नपरेको कारणले तीनै तहका प्रशासनिक प्रणालीमा हाल जे जस्ता समस्याहरू देखापरेका छन् त्यसबाट उचित शिक्षा लिँदै भविष्यमा थप जटिलता नबढ्ने तवरले पर्याप्त छलफल र परामर्श गरी यथाशक्य चाँडो यो विधेयकलाई टुंगोमा पुऱ्याउनेतर्फ सबैको प्रयास केन्द्रित भएमा संघीयताको प्रभावकारी कार्यान्वयनमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ । ***(खतिवडा नेपाल सरकारका सहसचिव हुनुहुन्छ ।)***

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वास बढ्नेछ। व्यवसायमा सफलता मिल्नेछ। स्वास्थ्य राम्रो रहनेछ। | **तुला** : नयाँ अवसर प्राप्त हुनेछ । प्रेममा सफलता मिल्नेछ । |
| **वृष** : नयाँ अवसर मिल्न सक्छ । पारिवारिक सुख मिल्नेछ । | **वृश्चिक**: सहयोगी हात बढ्नेछन् । निर्णय लिँदा विचार पुर्याउनुहोस्। |
| **मिथुन** : नयाँ काम सुरु गर्न अनुकूल समय छ। प्रेम सम्बन्धमा सुधार आउनेछ। | **धनु** : विद्यार्थीहरूका लागि समय राम्रो छ। परिवारमा खुसीयाली छाउनेछ । |
| **कर्कट** : यात्रा सुखद रहला । खर्च बढ्न सक्छ, ध्यान दिनुहोला । | **मकर**: अध्यात्ममा रुचि बढ्नेछ । पुरानो समस्या समाधान हुनेछ । |
| **सिंह** : पारिवारिक समर्थन मिल्नेछ। व्यापारमा फाइदा हुनेछ । | **कुम्भ** : सफलताको ढोका खुल्नेछ। दाम्पत्य सम्बन्ध सुमधुर बन्नेछ । |
| **कन्या** : बौद्धिक क्षेत्र राम्रो रहनेछ। व्यावसायिक यात्रा लाभदायक हुनेछ । | **मीन** : मान सम्मान बढ्नेछ । स्वास्थ्यमा ध्यान दिनुहोला । |


# कला मनोरञ्जन

## निकिता चाण्डकले संजयलीला भन्सालीको फिल्म खेल्ने

पूर्वमिस नेपाल तथा अभिनेत्री निकिता चाण्डकले प्रसिद्ध भारतीय फिल्म निर्देशक संजयलीला भन्सालीको आगामी फिल्ममा काम गर्ने भएकी छन् ।

इन्स्टाग्राममा भन्सालीसँगको तस्वीर सेयर गर्दै चाण्डकले भन्सालीको सिनेम्याटिक विश्वको सानो हिस्सा बन्न पाउँदा गर्व महसुस भएको उल्लेख गरेकी छन् । उनी लेख्छिन्, 'संजयलीला भन्साली सरको सिनेम्याटिक दुनियाँको सानो हिस्सा हुन पाउँदा अत्यन्तै आभारी र उत्साहित छु । भारतमा मेरो पहिलो परियोजना यो भन्दा राम्रो अरू हुन सक्दैनथ्यो ।'

भन्सालीको कुन फिल्ममा अभिनय गर्न लागेको हो भन्ने बारे निकिताले विस्तृत खुलाएकी छैनन् । यो खुसीका लागि निकितालाई उनका 'राजागंज' को-एक्टर दयाहाङ राई, कलाकार आना शर्मा, उषा रजक लगायतले बधाइ दिएका छन् । 'साङ्लो'बाट फिचर फिल्ममा डेब्यु गरेकी निकिताको तेस्रो कथानक फिल्म 'राजागंज' अहिले प्रदर्शन भैरहेको छ । दीपक रौनियार निर्देशित यो फिल्ममा उनले इन्सपेक्टर ममता गुप्ताको भूमिका निर्वाह गरेकी छन् ।



उनको दोस्रो फिल्म 'द सेमलेस'लाई भारतीय र फ्रान्सेली निर्माताको सहलगानीमा निर्माण गरिएको थियो जसलाई बुल्गेरियाली निर्देशक कोन्सटान्टिन बोन्जोभले निर्देशन गरेका थिए । यो फिल्मको छायांकन काठमाडौंमा भएको थियो ।

भन्सालीको आगामी फिल्म 'लभ एण्ड वार' हो जुन रोमान्टिक ड्रामामा रणवीर कपूर, आलिया भट्ट र विक्की कौशल लगायतका स्टार कलाकार देखिनेछन् । यो फिल्म २० मार्च २०२६ मा रिलिज हुने तयारीमा छ । *-अनलाइन खबर डटकम*

## फिल्म 'हेल्लो काशिराम' जेठ २ गते प्रदर्शन हुने



गुपचुप रूपमा निर्माण भई सम्पादन समेत पूरा गरेको नयाँ फिल्म 'हेल्लो काशिराम' ले आफ्नो फस्टलुक पोस्टर र प्रदर्शन मिति एकैसाथ सार्वजनिक गरेको छ । पोस्टर सार्वजनिक भएसँगै फिल्मबारे उत्सुकता बढेको छ । निर्माण टिमले आगामी २०८२ जेठ २ गतेलाई प्रदर्शन मिति तय गरेको छ ।

पोस्टरमा चर्चित अभिनेता दिलीप रायमाझीलाई एउटा बोको बोकेर हिँडिरहेको देख्न सकिन्छ, जसले दर्शकलाई फिल्म कमेडी शैलीमा निर्माण भएको संकेत गर्छ । फिल्मको कथावस्तु अहिले खुलाइएको छैन, तर निर्माण टिमका अनुसार, छिट्टै सार्वजनिक हुने टिजरमार्फत थप जानकारी उपलब्ध गराइनेछ ।

फिल्ममा दिलीप रायमाझीसँगै वरिष्ठ कलाकारहरू सुरविर पण्डित, रामचन्द्र अधिकारी, शुशिल पोखरेल देखिने छन् । त्यस्तै, हालका चर्चित हास्य कलाकार उमेश राई (फुलन्देको आमा), भगेरी डन, नवज्योती रसाइली, सुमन खाँण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु समेत विशेष अभिनय रहेको फस्टलुक पोस्टरमार्फत जानकारी दिइएको छ । दर्शकहरूले चर्चित अभिनेत्री प्रियंका कार्कीलाई विशेष गेस्ट कलाकारको रूपमा देख्न पाउने निर्देशक रिम विश्वकर्माले जानकारी दिए । प्रियंका नेपाली फिल्म उद्योगको सफल अभिनेत्री भएकाले उनको उपस्थितिले फिल्मलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

रेडलाइन फिल्मस् प्रा।ली को ब्यानरमा निर्माण भएको यो फिल्मको लेखन तथा निर्देशन रिम विश्वकर्माले गरेका हुन् । यसका निर्माता पी।बी। थापा रहेका छन् भने यम आलेले फिल्म खिचेका हुन् । डेढ करोडको लागतमा निर्माण भएको यो फिल्मलाई मित्र डी। गुरुङले सम्पादन तथा रंग संयोजन गरेका छन् । फिल्मको नृत्य निर्देशन कविराज गहतराजले गरेका छन् । द्वन्द्व निर्देशन शंकर महर्जन ले गरेका छन् भने संगीत संयोजन नरेन्द्र यिबोगी र विपिन आचार्यले गरेका छन् । चलचित्रका गीतहरूमा प्रताप दास, मेलिना राई, राजु परियार, किरण सुनार र अनिक गिरीको आवाज रहेको जनाइएको छ । नेपाली साङ्गीतिक क्षेत्रका चर्चित गायक-गायिकाहरूको सहभागिताले फिल्मको संगीत पक्षलाई थप आकर्षक बनाउने विश्वास गरिएको छ । फिल्मको प्रचार तथा अन्तर्राष्ट्रिय मिडिया म्यानेजमेन्टको जिम्मा 'सेलिब्रेटी टाइम्स प्रा।ली' ले लिएको छ । नेपाल भित्र मात्र नभई, विदेशमा रहेका नेपाली दर्शकमाझ पनि फिल्मको पहुँच पुऱ्याउन डिजिटल र पारम्परिक माध्यमहरू प्रयोग गरिने सेलिब्रेटी टाइम्सले जनाएको छ । निर्देशक रिम विश्वकर्माले चलचित्रको प्रचारप्रसारलाई अझ प्रभावकारी बनाउन कलाकार टोलीले आगामी सातादेखि देशव्यापी प्रचार अभियान सुरू गर्ने जानकारी दिए । निर्देशक विश्वकर्माले यसअघि 'नेपाली वीर', 'सम्झिराख है', 'रेलिमाई' जस्ता चर्चित फिल्महरू निर्देशन गरिसकेका छन् । उनका फिल्महरूले नेपाली मौलिक कथावस्तु, समाजका वास्तविकता र मनोरञ्जनको उत्कृष्ट संयोजन प्रस्तुत गर्ने गरेका छन् । अब 'हेल्लो काशिराम' ले दर्शकमाझ कत्तिको प्रभाव पार्नेछ, त्यो टिजर सार्वजनिक भएपछि अझ स्पष्ट हुनेछ । दर्शकको मन जित्न सफल हुनेछ या असफल रु यो प्रश्नको उत्तर भने प्रदर्शनपछि मात्र थाहा हुनेछ ।

*-डिसी नेपाल डटकम*


### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


## 'अञ्जिला' को मुनाफाबाट कप्तान सुब्बाको घर बनाइने

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला' प्राप्त हुने मुनाफा उनकै घर निर्माणमा प्रयोग गरिने निर्माता प्रेमकुमार श्रेष्ठले बताएको छन् । कप्तान सुब्बालाई इलामदेखि काठमाडौं ल्याएर विभागीय टोली सशस्त्र प्रहरी बलमा फुटबल खेलाएका निर्माता श्रेष्ठले 'अञ्जिलाको आफ्नै घर' अभियान सञ्चालन गरेको छन् ।

उनीले भने, "यस चलचित्रबाट प्राप्त सम्पूर्ण मुनाफा अञ्जिलाको घर निर्माणमा लगाउने छौँ । नेपालमा प्रदर्शनबापत आउने रकम र त्यस अगाडि हङकङ, बेलायत र दक्षिण कोरियामा गरिएको विशेष प्रदर्शनीबाट सङ्कलन भएको रकमले हामीले देखेको सपना पूरा हुनेमा विश्वस्त छौँ ।"



उनी कप्तान सुब्बाको धर्मपिताका रुपमा परिचित छन् । गत फागुन २९ गते होलीलाई लक्षित गर्दै प्रदर्शन सुरु भएको चलचित्रले तीन दिनमा रु दुई करोड सात लाखको व्यापार गरेको वितरक करण श्रेष्ठले जानकारी दिए । "प्रदर्शनकै दिनदेखि हामी काठमाडौँ उपत्यकामा रहेका प्रायः चलचित्र भवनमा पुगेर दर्शकमाझ प्रतिक्रिया लिइरहेका छौँ । चलचित्रको व्यापार पहिलो दिनको तुलनामा दोस्रो दिन र दोस्रो दिनको तुलनामा तेस्रो दिन बढेको छ । चलचित्र हेरेका दर्शकले राम्रो प्रतिक्रिया दिएको छन्, यसकारण आउँदा दिनमा व्यापार बढ्नेमा हामी विश्वस्त छौँ", वितरक श्रेष्ठले भने ।

उनीले चलचित्र प्रदर्शनको चौथो दिन आइतबार र पाँचौँ दिन मंगलबार पनि दर्शकको उपस्थिति राम्रो रहेको जानकारी दिँदै थप व्यावसायिक तथ्याङ्क आउँदो केही दिनमा सार्वजनिक गर्ने बताए । कप्तान सुब्बा आफैँले अभिनय गरेका कारण दर्शक उनीको सैर्ष र सफलतासँग भावनात्मक रुपमा जोडिएको निर्देशक मिलन चाम्सले बताए ।

"कप्तान सुब्बाको कथा सुनेपछि यसले अन्यलाई प्रेरणा दिन्छ भनेर चलचित्र निर्देशन गर्न सहमत भएको थिएँ । हामीले रुचाएको कथालाई दर्शकले पनि रुचाए । यो सफलताले आगामी दिनमा अन्य खेलाडीको कथामा चलचित्र निर्माण गर्न हौसला थपेको छ", निर्देशक चाम्सले भने । चलचित्रमा कप्तान सुब्बासँगै प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, सुमीन गुरुङ, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेको छन् । चलचित्र निर्माणमा तुबेन्द्र लिम्बू, विनोद अग्रवाल, राजेश बगडियाले सहकार्य गरेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

## शिल्पालाई छैन नेपाली फिल्मप्रति रुचि



विगत ४/५ वर्षमा अभिनेत्री शिल्पा पोखरेलको जीवनमा ठूलो उतारचढाव देखियो । उनले पूर्वपति तथा निर्माता छविराज ओझासँग लामो समय कानुनी लडाइँ लड्नु पऱ्यो । अन्ततः केही महिनाअघि उनीहरुको मुद्धा किनारा लागिसकेको छ । पूर्वपति ओझाबाट सम्पत्तिको रुपमा गुह्येश्वरीको घर लिएर अहिले उनी एक्लो जीवन विताइरहेकी छन् । यो बीचमा उनी 'ओशो सन्यासी' पनि बनिन् ।

पूर्वपति ओझासँग कानुनी लडाइँ सुरू भएपछि शिल्पाले कुनै नेपाली फिल्म गरेकी छैनन् । बरु केही भोजपुरी फिल्ममा काम गरिन् । अब उनी नेपाली फिल्म गर्ने मनस्थितिमा देखिएकी छैनन् । हालै अभिनेत्री करिश्मा मानन्धरको घरमा होली मनाउन पुगेकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा नेपाली फिल्मप्रति रुचि नै नभएकाले प्रस्ताव आउँदा समेत विभिन्न बहाना बनाउने गरेको बताइन् । उनले भनिन्, 'अहिले मलाई फिल्मप्रति रुचि नै छैन । एउटा नेपाली फिल्म त रिलिज हुनै बाँकी छ । दुईवटा भोजपुरी फिल्म समेत रिलिज हुन बाँकी छ । अहिले नेपाली फिल्मतिर चाहिँ रुचि नै छैन भन्दा हुन्छ । साँच्चै रुचि छैन । मनै मरेर आएको जस्तो भैरहेको छ । फिल्मबाट प्रस्ताव आउँदा पनि अर्को प्रोजेक्ट गर्नुछ भनेर टार्छु । मलाई फिल्मबाट टाढै बस्न मन लागेको जस्तो भैरहेको छ ।'

शिल्पाले अब नेपाली फिल्ममा काम नगर्ने संकेत समेत गरेकी छन् । उनले भनेकी छन्, 'फिल्म गर्नलाई पनि प्रोडक्सन हाउस राम्रो हुनुपऱ्यो, राम्रो स्क्रिप्ट लेख्ने मान्छेबाट अफर आउनुपऱ्यो । 'एकपटक स्क्रिप्ट चाहिँ सुन्नु पर्ला' भन्ने समेत लागेको छैन । सायद बीचमा मन नभएर पनि होला । र, मैले सोध्न पनि चाहिनँ । अब विस्तारै-विस्तारै मन लाग्छ कि ! तर, अब मन लाग्छ जस्तो चाहिँ लाग्दैन ।' म्यूजिक भिडियो हुँदै 'लज्जा'बाट फिल्ममा डेब्यु गरेकी शिल्पाले त्यसपछि 'हवल्दार सुन्तली', 'किस्मत २', 'मंगलम' जस्ता एक दर्जन बढी फिल्ममा काम गरिन् । उनको एउटा फिल्म 'आर्या' प्रदर्शन हुनै बाँकी छ, जुन ४/५ वर्षअघि नै निर्माण भएको हो । उनले 'जय शम्भो', 'प्रेम गीत २' जस्ता भोजपुरी फिल्म समेत गरेकी छन् । बुझिए अनुसार उनी अब भोजपुरी फिल्म मात्र गर्ने योजनामा छिन् । *-फिल्मीखबर डटकम*

# समाचार प्रभाव : स्वदेश फर्किए रामबहादुर



**गुल्मी, चैत ५**/गुल्मीको चन्द्रकोट गाउँपालिका -५ ग्वाघाका ५१ बर्षीय रामबहादुर थापा अन्तत: दुवईबाट स्वदेश फर्किएका छन् ।

घर परिवारलाई सु:खका साथ राख्ने सपना बोकेर विदेशीएका उनी दुई महिनादेखि विरामी भई अलपत्र परेका थिए । थापा र उनको परिवारले स्वदेश फर्किन गुहार गरेको पछि केही दिन अघि नवजनचेतना राष्ट्रिय दैनिक र शितलपाटी डटकममा दुबईबाट गुल्मीका रामबहादुरको गुहार : 'बिन्ती छ सरकार, मलाई स्वदेश फर्काइदेऊ' शिर्षकको समाचार प्रकाशित गरेको थियो । समाचार प्रकाशित भएको केही समयपछि रामबहादुर स्वदेश फर्किएका छन् ।

उनी विरामी भएर अस्पताल भर्ना भएका थिए । कम्पनीले उनको पासपोर्ट र सबै कागजात नदिएपछि स्वदेश फर्कन पाएका थिएनन् । थापाको बारेमा समाचार आएपछि विभिन्न व्यक्तिहरुको पहलमा स्वदेश फर्काउन सफल भइएको हो । नेपाली काँग्रेसका नेता तथा गुल्मी क्षेत्र नं . १ का संघीय सांसद डा. चन्द्र भण्डारी, लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा कानुन मन्त्री धनेन्द्र कार्की, पालिका अध्यक्ष युवराज केसी, पालिका उपाध्यक्ष विष्णु भण्डारी, वडाअध्यक्ष कल्याण कार्की लगायत एसओएस म्यानपावरका प्रतिनिधिहरुको पहलमा उनलाई स्वदेश फर्काइएको छ । फोक्सोमा समस्या देखिएपछि थापा अस्पतालमा भर्ना भएका थिए । उनले राम्रोसँग उपचार नपाएपछि स्वदेश फर्कन खोजेका थिए ।

## श्रेष्ता कायम, नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक मस्याम-४ हाल तिनाउ ५ निवासी थनिसरा ठाडा, चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडा समेत ३ जनाले आफ्नो पति/दाजु डिल बहादुर ठाडाको मिति २०७२/१०/२० गते मृत्यु भएको, मृतक ज.ध. डिल बहादुर ठाडा जिवित ज.ध.हरु चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडाको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक मस्याम-४ कि.नं.१३२ जग्गाको श्रेष्ता कायम नभएको, ज.ध.पुर्जा हराएको र हालसम्म आफुहरुले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. डिल बहादुर ठाडा समेत जिवित ज.ध.हरु चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडा समेतको नाममा श्रेष्ता कायम गरी चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडाको हकहिस्सा यथावत राखी मृतक ज.ध. डिल बहादुर ठाडाको हकहिस्सा निजको एकमात्र पत्नी थनिसरा ठाडाको नाममा संयुक्त नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं. को जग्गामा निवेदक को हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन्? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? ज.ध. पुर्जा हराएको हो वा होईन ? मृतक ज.ध. को शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? मृतक ज.ध. डिल बहादुर ठाडा जिवित ज.ध.हरु चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडा समेतको नाममा श्रेष्ता कायम गरी चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडाको हकहिस्सा यथावत राखि मृतक ज.ध. डिल बहादुर ठाडाको हकहिस्सा थनिसरा ठाडाको नाममा नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन? उल्लेखित जग्गाहरु मृतक ज.ध. डिल बहादुर ठाडा र जिवित ज.ध.हरु चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडा समेतको नाममा श्रेष्ता कायम गरी चन्द्र बहादुर ठाडा, जित बहादुर ठाडाको हकहिस्सा यथावत राखी मृतक ज.ध. डिल बहादुर ठाडाको हकहिस्सा थनिसरा ठाडाको नाममा नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा संयुक्त नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

**२०८१ चैत्र ०५ गते ने.सं.११४५, चिल्लागा चतुर्थी मंगलबार**

## दाङमा मकै...

...बर्खे मकै वैशाख-जेठमा, हिउँदे मकै भदौ-असोजमा र वसन्ते मकै माघ-फागुनमा लगाउने गरिन्छ । विभिन्न बालीको विशिष्टिकृत क्षेत्र स्थापना गरी उत्पादन, मूल्य शृङ्खला, आधुनिकीकरण र व्यावसायीकरणमा बढावा दिने उद्देश्यले दाङमा आर्थिक वर्ष २०७३/७४ देखि मकै सुपरजोन कार्यक्रम सञ्चालनमा आएको हो । सुपरजोन कार्यक्रम सञ्चालन भएपछि देउखुरीमा मकै उत्पादनको व्यावसायिक रूपमा फड्को मार्न थालेको छ । 'यस क्षेत्रमा बर्खे मकैखेती बढी हुने र किसानको बुझाई मकै बर्खे सिजनमा मात्र गर्न सकिन्छ भन्ने रहेको थियो', सूचना अधिकारी कँडेलले भने, 'सर्वप्रथम किसानको यस प्रकारको सोचाइ परिवर्तन गर्न जरुरी थियो । यसका लागि हामीले प्रतिफलमा आधारित प्रोत्सहान अनुदान कार्यक्रममार्फत हिउँदे र वसन्ते खेतीलाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन भएको हो ।' अहिले देउखुरीका किसानमा हिउँदे तथा वसन्ते सिजनमा समेत मकैखेती गर्ने परिपाटीको विकास भएको छ । देउखुरी क्षेत्रका विभिन्न स्थानमा कष्टम हायरिङ सेन्टरहरू स्थापना भई सञ्चालनमा छन् । जसबाट किसानले मकैखेतीका लागि आधुनिक कृषियन्त्र भाडामा लिएर पनि खेती गर्ने गरेका छन् । *-रासस*

**खेलकुद समाचार**

## कोशीमाथि कर्णालीको फराकिलो जित



**भैरहवा (रूपन्देही),** चैत ५/सुनिल धमला र दिपेन्द्र रावतको कसिलो बलिङमा प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशले कोशी प्रदेशलाई फराकिलो अन्तरले हराउँदै दोस्रो जित निकालेको छ ।

मंगलबार एक्स्ट्राटेक ओभल मैदानमा भएको खेलमा कर्णालीले कोशीलाई १२७ रनले हराएको हो । कर्णालीले दिएको २१९ रनको लक्ष्य पछ्याएको कोशी ३५ ओभरमा ९१ रनमा अलआउट भएको हो । ओपनर चिराग साहले सर्वाधिक २५ रन बनाए । शाकिब हकले १३ तथा कप्तान अंकित सुवेदीले १० रन बनाए । अन्यले दोहोरो अंकमा रन बनाउनै सकेनन् । कर्णालीका लागि सुनिल धमलाले १० ओभरमा ३ मेडनसहित १४ रनमात्र दिएर ३ विकेट लिए । दिपेन्द्र रावतले ५ ओभरमा १४ रन दिएर ३ विकेट लिए । दिवान पुनले २ तथा अनुज चनाराले १ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले ५० ओभरमा ९ विकेट गुमाएर २१८ रन बनाएको थियो । कर्णालीका लागि अर्जुन घर्तीले अविजित ८८ रन बनाएका थिए । ७७ रनमा ५ विकेट गुमेपछि ब्याटिङमा आएका घर्तीले राम्रो पारी खेल्दै टोलीको इनिङ उकासे । ९५ बलको सामना गरेका उनले ११ चौका र २ छक्का प्रहार गरे । त्यसअघि हिमांशु शाहीले ४६ रन बनाए । कोशीका लागि बिपिन महतोले ३ विकेट लिए । दिपेश कँडेल र प्रकाश कार्कीले २-२ विकेट लिँदा शर्वन किस्कु र सुजन थपलियाले १-१ विकेट लिए । कर्णालीले ५ खेल खेल्दा दोस्रो जित निकालेको हो भने कोशीले ६ खेलमा १ जित मात्र निकालेको छ ।

## देशभर स्ववियु...

...त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेकमा स्ववियु निर्वाचन सम्पन्न भएको थियो । यस पटक कतिपय क्याम्पसहरुमा अवरोध सिर्जना भएपनि कतिपय क्याम्पसहरुमा निर्विरोध चयन भएका छन् । मनोनयन दर्ता गर्दा एक पदमा एक जनाको मात्रै उम्मेदवारी परेपछि र आपसी समझदारीमा सर्वसम्मत नेतृत्व चयन भएपछि ८२ क्याम्पसहरुमा निर्विरोध चयन भएको हो । निर्विरोध भएका क्याम्पसमध्ये यो समाचार तयार पार्दासम्म सबैभन्दा धेरै एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुको नेतृत्व छ । ३२ क्याम्पसमा अनेरास्ववियु निर्विरोध निर्वाचित भएको जनाइएको छ । त्यस्तै, निर्वाचनमा नेपाली कांग्रेस निकट नेविसंघले २८ क्याम्पसमा सर्वसम्मत भएको छ भने नेकपा माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी)ले २१ सिट जितेको छ ।

**अर्थ/कर्पोरेट समाचार**

## नेप्से परिसूचकमा लगातार गिरावट



**पाल्पा, चैत ५**/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अंकको गिरावट देखिएको छ । बुधबार १७.२८ अंकले बढेको नेप्से परिसूचक त्यसयता तीन कारोबार दिन लगातार घटिरहेको हो ।

आइतबार २१.६३ अंक र सोमबार १०.१४ अंकले घटेर बन्द भएको नेप्सेमा मंगलबार ७.६६ अंकको गिरावट आई २६९७.०४ को विन्दुमा कायम भएको छ । यस दिन नेप्से परिसूचकसँग कारोबार रकम पनि घटेको छ । विभिन्न ३१३ कम्पनीको ८२ लाख ३७ हजार ९०२ कित्ता शेयर ५० हजार ८३४ पटक खरिदबिक्री भयो । जसबाट चार अर्ब ३४ करोड ६६ लाख ३२ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको नेप्सेले जनाएको छ । यसअघि सोमबार पाँच अर्ब ४० करोड ८३ लाख १४ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको थियो ।

यस दिनको कारोबारमा अन्य समूहको उपसूचक ०.११ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूहको उपसूचक ०.६६ प्रतिशतले घटेको छ । त्यस्तै, बैंकिङ ०.१४, विकास बैंक ०.४२, वित्त ०.१७, होटल तथा पर्यटन ०.३६, जलविद्युत् ०.१७, लगानी ०.४२, जीवन बीमा ०.७०, उत्पादन र प्रशोधन ०.२३, लघुवित्त ०.३१, म्युचुअल फन्ड ०.३७ र निर्जीवन बीमाको उपसूचक ०.५४ प्रतिशतले घटेको छ ।

यस दिनको कारोबारमा मिथिला लघुवित्त ९.९६, हिमालयन पावर ९.९९, अपर सोलु हाइड्रो ७.७८, भूगोल इनर्जी ७.२८ र पाँचथर पावर कम्पनीका लगानीकर्ताले ४.१८ प्रतिशतले कमाएका छन् । त्यस्तै, सामुदायिक लघुवित्त ८.२१, राप्ती हाइड्रो ७.७२, अपर सोलु हाइड्रो ३.३१ र सयपत्री हाइड्रोका लगानीकर्ताले ३.२९ प्रतिशतले कमाएका छन् । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्सको ३२ करोड ११ लाख १७ हजार ८९२ रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रोको सात लाख ६८ हजार ५४३ कित्ता किनबेच भएको छ ।

## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नुन कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रूपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

**स्वस्थ र दीर्घ जीवन बाँचौं ।**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई